नेपाल सरकार

# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६, ४४७५२७७, ४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।


पत्र संख्या: ०७७/७८
च.नं.:

# प्रेस-विज्ञप्ती

मिति: २०७७/१०/१६
29 January 2021

## तल्लो अरुण जलविद्युत परियोजना विकासका लागि SJVN छनौट

**काठमाडौं** । सम्माननीय प्रधानमन्त्री एवं लगानी बोर्डका अध्यक्ष श्री के पी शर्मा ओलीज्यूको अध्यक्षतामा लगानी बोर्डको ४६ औं बैठक आज शुक्रवार सम्पन्न भयो । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको उक्त बैठकले तल्लो अरुण जलविद्युत् परियोजना सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गत Build, Own, Operate and Transfer (BOOT) मोडेलमा विकास गर्न SJVN Limited, India लाई छनौट गर्ने निर्णय गरेको छ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका आधारमा सूचिकृत भएका कम्पनीहरुको मूल्याङ्कन गरी सो निर्णय भएको हो । कूल क्षमता ६७९ मेगावाट रहेको उक्त परियोजना प्रदेश नम्बर १ को संखुवासभा र भोजपुर जिल्लामा अवस्थित रहने छ । २०७५ चैतमा काठमाडौंमा सम्पन्न लगानी सम्मेलनको अवसरमा नेपाल सरकारले उक्त परियोजना लगानीकर्ताहरु समक्ष प्रस्तुत गरेको थियो । त्यसैगरी, उक्त बैठकले लगानी बोर्डमा विशेषज्ञ सदस्यको रुपमा श्री राजेशकाजी श्रेष्ठ, श्री हरिभक्त शर्मा र श्री भवानी राणा एवं आमन्त्रित सदस्यको रुपमा श्री बालकृष्ण शिवाकोटीलाई मनोनयन गर्ने निर्णय गरेको छ ।

उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले विद्युतको उत्पादन सँग-सँगै खपतको समेत योजना बनाउनु पर्नेमा जोड दिँदै यसका लागि पूर्वाधार परियोजनाहरुलाई समय मै कार्यान्वयनका लागि समन्वयात्मक ढंगबाट कार्य गर्न नेपाल सरकारका सम्बद्ध निकायका पदाधिकारीहरुलाई निर्देशन दिनुभयो । बैठकमा अघिल्लो बोर्ड बैठकले निर्देशन गरे बमोजिम लगानी बोर्डको रणनीतिक योजना, परियोजना बैंक, वेबमा आधारित एकल बिन्दु सेवा र Knowledge Management Portal (KMP) का बारेमा भइरहेको प्रगतिको सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले जानकारी गराउनु भएको थियो ।

उक्त बैठकमा माननीय अर्थमन्त्री एवं बोर्डका उपाध्यक्ष श्री विष्णु पौडेल, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्ट, माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री टोप बहादुर रायमाझी, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. पुष्प राज कँडेल, नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागी, नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारी लगायत नेपाल सरकारका अन्य उच्च पदस्थ अधिकारीहरुको उपस्थिति थियो ।

२०७७/१०/१६

(धर्मेन्द्र कुमार मिश्र)
सह-सचिव एवं प्रवक्ता